नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
# जिल्ला हुलाक कार्यालय
चरिकोट, दोलखा

पत्र संख्या: २०८३/८४
च.नं.:

फोन नं.: ०४९-४२११८०
०४९-५९००५३

# मौजुदा सूची दर्ता गर्ने सम्बन्धी सार्वजनिक सूचना।

(प्रकाशित मितिः २०८३/०४/११)

यस जिल्ला हुलाक कार्यालय, चरिकोट, दोलखालाई आ.व २०८३/८४ मा आवश्यक पर्ने तपसिलमा उल्लेखित मालसामान आपुर्ति गर्न, निर्माण कार्य गर्न, परामर्श वा अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत पत्र प्राप्त दर्तावाला व्यक्ति, फर्म, कम्पनी एवं संस्थाहरुबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १८ बमोजिम मौजुदा सूची दर्ताको लागि सोही नियमावलीको अनुसूची २(क) बमोजिमको ढाँचामा निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

तपसिलः

१. स्टेशनरी तथा कार्यालय प्रयोजनका लागि आवश्यक सम्पूर्ण मसलन्द तथा कार्यालय सामाग्रीहरु र अन्य फुटकर सामाग्रीहरुको आपुर्ति कार्य।
२. कार्यालयका छपाईसम्बन्धी सम्पूर्ण कार्य।
३. कम्प्युटर, प्रिन्टर, ल्यापटप, फोटोकपी मेशिन, स्क्यानर, बारकोड प्रिन्टर, इन्भर्टर, सिसिक्यामेरा, नेटवर्किङ लगाएतका सम्पूर्ण मेशिनरी तथा औजार आपुर्ति तथा मर्मत सम्भार तथा परामर्शसम्बन्धी सेवाहरु।
४. फर्निचर तथा फिक्चर्स लगाएत सम्पूर्ण अन्य सम्पत्तिहरुको आपुर्ति तथा मर्मत कार्य।
५. सवारी साधन आपुर्ति तथा मर्मतसम्बन्धी कार्य र इन्धन आपुर्ति तथा डाँक ढुवानीसम्बन्धी कार्य।
६. विजुली, टि.भी, टेलिफोन, प्रोजेक्टर लगाएत सम्पूर्ण इलेक्ट्रोनिक्स उपकरण तथा सो को मर्मत सम्बन्धी कार्य।
७. पानी तथा ग्याँस, मैनबत्ती, सलाई, कालो लाहा, लिड सिल, सुतली डोरी लागाएतमा मालसामान आपुर्ति सम्बन्धी कार्य।
८. बारकोड प्रिन्ट पेपर, बारकोड रिडर, बारकोड रिवन लगाएतमा सामाग्रीहरु आपुर्तिसम्बन्धी कार्य।
९. हार्पिक, फिनेल, साबुन, सरफ, कुचो लगाएतका सम्पूर्ण सरसफाई सामाग्री तथा सेवा आपुर्तिसम्बन्धी कार्य।
१०. सार्वजनिक निर्माण, सार्वजनिक सम्पत्तिको मर्मत सम्भार तथा पुँजिगत सुधार सम्बन्धीका सम्पूर्ण कार्य।
११. पत्रपत्रिका तथा पुस्तक आपुर्ति कार्य।
१२. चियापान, खाना, खाजा लगाएतका अन्य विविध खर्च।

आवश्यक कागजातहरु:

१. संस्था वा फर्म दर्ताको प्रमाणपत्र
२. स्थायी लेखा नम्बर वा मु.अ कर दर्ताको प्रमाणपत्र
३. आ.व २०८२/८३ को करचुक्ता प्रमाणपत्र
४. आवश्यक अन्य व्यवसायिक इजाजत-पत्रहरु।

(गौतम घर्ति क्षेत्री)
नि.हुलाक अधिकृत